# नेपाल बङ्गलादेश बैंकको व्यवस्थापन हस्तान्तरण सम्बन्धमा नेपाल राष्ट्र बैंकको प्रेश विज्ञप्ती

विगतमा नेपाल बङ्गलादेश बैंकको समग्र वित्तीय, व्यवस्थापकीय तथा संस्थागत सुशासन कमजोर रही बैंक संचालनमा समस्या आएको र यस स्थितिमा बैंकका अधिकांश संचालकहरुले समेत राजिनामा दिएका कारण बैंक अत्यन्तै असहज स्थितिमा पुगेकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) वमोजिम समस्याग्रस्त बैंकका रुपमा घोषणा गरी सो बैंकको व्यवस्थापन मिति २०६३।७२६ देखि यस वैंकले नियन्त्रणमा लिई संचालन गर्दै आएको ब्यहोरा सर्वविदितै छ । यस वैंकले व्यवस्थापन नियन्त्रणमा लिएको अवधिमा संस्थापक समुह लगायतको निष्कृय कर्जा उल्लेखनीय रुपमा असूली भई वैंकको वित्तीय परिसूचकहरु सुधारोन्मुख देखिएको तथा २०६६ आश्विन मसान्तमा नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पूंजीकोष कायम भएको परिप्रेक्ष्यमा मिति २०६६ पौष २९ गते साधारण सभा सम्पन्न गराई मिति २०६६ पौष ३० गतेका दिन देखि बैंक व्यवस्थापन नवनिर्वाचित संचालक समितिलाई हस्तान्तरण गरिएको छ । साथै, समस्याग्रस्त बैंकका रुपमा गरिएको घोषणा समेत व्यवस्थापन हस्तान्तरण गरिएको मितिदेखि लागु हुनेगरी फुकुवा गरिएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**मिति २०६६ माघ ३ गते ।**